मिति: २०८१।०८।०४ गते मंगलबार

समय: बिहान ८:०० बजे

बैठक सङ्ख्या : 6

नगर कार्यपालिकाका का बा नगरप्रमुख श्री कृष्ण कुमारी निरौलाजुयूको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कृष्ण कुमारी निरौला | का बा नगर प्रमुख | |
| २ | श्री बिष्णुकुमार मगर | वडाध्यक्ष वडा नं. १ | |
| ३ | श्री तेजप्रसाद तिम्सिना | वडाध्यक्ष वडा नं. २ | |
| ४ | श्री डम्बरबहादुर राई | वडाध्यक्ष वडा नं. ३ | |
| ५ | श्री रामकुमार श्रेष्ठ | वडाध्यक्ष वडा नं. ४ | |
| ६ | श्री भुमबहादुर सुर्य मगर | वडाध्यक्ष वडा नं. ५ | |
| ७ | श्री जंगबीर तामाङ | वडाध्यक्ष वडा नं. ६ | |
| ८ | श्री खगेन्द्रबहादुर लिम्बू | वडाध्यक्ष वडा नं. ७ | |
| ९ | श्री भिमप्रसाद पोखेल | वडाध्यक्ष वडा नं. ८ | |
| १० | श्री नन्दप्रसाद खतिवडा | वडाध्यक्ष वडा नं. ९ | |
| ११ | श्री अमिता राई | कार्यपालिका सदस्य | |
| १२ | श्री चम्पा थापा मगर | कार्यपालिका सदस्य | |

नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश

| | | | |
|---|---|---|---|
| १३ | श्री शोभा बोहरा | कार्यपालिका सदस्य | |
| १४ | श्री पुरणमाया राई | कार्यपालिका सदस्य | |
| १५ | श्री गीता मगर | कार्यपालिका सदस्य | |
| १६ | श्री ओमप्रकाश वि.क. | कार्यपालिका सदस्य | |
| १७ | श्री गंगामाया विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री माया नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| १९ | श्री नारायण न्योपाने | प्रमुख प्रशासकीय अधिकृत | |

निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

## मिति २०८१ साल मंसिर ४ गते बसेको नगर कार्यपालिकाको निर्णयहरु

| निर्णय नं. | प्रस्ताव/ विषय | निर्णय |
|---|---|---|
| १ | अघिल्लो बैठकको समिक्षा सम्वन्धमा | अघिल्लो बैठकले गरेका सबै निर्णयहरु कार्यन्वयनक्रममा रहेको पाईयो । |
| २ | नदिजन्य पदार्थ उत्खननन् संकलन तथा बिक्री सम्वन्धमा गरिएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको प्रस्तुतिकरण तथा स्वीकृति सम्वन्धमा । | वातावरणीय अध्ययन गर्न अख्तियारी प्राप्त परामर्शदाता युनिक सोलुसन ईन्जिनियरिङ कन्सल्टेन्सिका तर्फवाट स्विकृत कार्ययोजना बमोजिम तयार भएको तथा प्रस्तुतिकरण गरिएको वातावरणीय अध्ययन प्रतिवेदनमाथि छलफल गरि कार्य योजना र वातावरणीय अध्ययन प्रतिवेदनमा प्राप्त उपयुक्त सुझाव समेत समावेश गरी आगामी कार्यपालिकामा स्विकृतीका लागि पेश गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ३ | योजना अनुगमन सम्वन्धी क्षमता विकास तालिम संचालन गर्ने सम्वन्धमा । | योजना अनुगमन सम्वन्धमा नगर स्तरिय अनुगमन समिति र वडास्तरिय अनुगमन समितिका पदाधिकारीहरुलाई योजना अनुगमन सम्वन्धी २ दिने क्षमता विकास तालिम सञ्चालन गर्ने र सो को खर्च ब्यवस्थापन जन प्रतिनिधि क्षमता विकास र कर्मचारी क्षमता विकास शिर्षकवाट क्षमता विकास तालिम संचालन गर्न सहमति प्रदान गर्न सर्वसम्मत निर्णय गरियो । |
| ४ | आ.व. २०८२/८३ का लागि संघिय विशेष अनुदानको लागि योजना छनौट गर्ने सम्वन्धमा । | आ.व. २०८२/८३ को लागि संघीय सरकारको विशेष अनुदान लागि तपसिल बमोजिमको योजना छनौट गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>क. जाते खानेपानी आयोजना, लेटाङ नगरपालिका वडा नं. ८ र ९<br>लेटाङ नगरपालिका ८ र ९ मा खानेपानीको अधिक समस्या रहेको, श्रोतको सम्भावाना रहेको, बस्ती विस्तारक्रममा रहेको, तरकारी खेतीको अधिक उत्पादन हुने क्षेत्र रहेको र साविकको जाते गाँउपालिकाको आफ्नौ स्वामित्वमा रहेको जग्गामा खानेपानी आयोजना निर्माण तथा सञ्चालन गर्न सकिने हुनाले सो आयोजना विशेष अनुदानको लागि औचित्यपूर्ण रहेकोले प्रस्ताव तयार गर्न सम्भाब्यता अध्ययन, विस्तृत लागत अनुमान तयारी गर्ने तथा आवश्यकता बमोजिम वातावरणीय अध्ययन तथा माटो परिक्षण जस्ता कार्य अगाडी बढाउन सहमति प्रदान गर्ने निर्णय गरियो । |
| ५ | योजना संसोधन सिफारिस सम्वन्धमा ।<br>सडक मर्मतका लागि विनयोजित वजेट अनुमोदन सम्वन्धमा । | लेटाङ नगरपालिका वडा नं. १ को वडा गौरवको योजना कोल्बोटे खोला बक्स कल्भर्ट निर्माण शिर्षकमा रु २००००००।- विनियोजन भएको तर सो कार्य गर्न उक्त वजेटले अपुग हुने भएकोले उक्त योजना आगामी नगरसभावाट संसोधन अनुमोदन हुने गरी १ नं. वडाको सिफारिस बमोजिम सोही रकमको सीमा भित्र रहि कोल्बोटे लाख सडक स्तरोन्नती योजना सञ्चालन गर्न सर्वसम्मतीवाट सहमति प्रदान गर्ने निर्णय गरियो ।<br>वडाको कार्यालयवाट सिफारिस भई नगर प्रमुखवाट नगर कार्यपालिकावाट अनुमोदन गर्ने गरी तत्काल गर्नेपर्ने मुल सडक मर्मत गर्ने कार्यका लागि नगरको विपद ब्यवस्थापन कोषवाट खर्च लेख्ने गरि रु ५०००००।- ब्यवस्थापन गर्ने निर्णय अनुमोदन गरियो । |
| ६ | क्षमता विकास प्रतिवेदन तथा खर्च अनुमोदन सम्वन्धमा । | सामुदायिक विकास मञ्च र लेटाङ नगरपालिकाको साझेदारितामा संचालित कानून तर्जुमा तथा मस्यौदा लेखन सम्वन्धी क्षमता विकास तालिमको प्रतिवेदन अनुमोदन तथा सो कार्यमा नगरपालिकाको तर्फवाट सम्झौता बमोजिम भएको खर्च रकम रु १७७१५०।- भुक्तानी गर्न सहमति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ७ | म्याद थप गर्ने सम्वन्धमा । | शिक्षा विकास मार्गको निर्माण ब्यवासायीले म्यादथप गर्न दिएको निवेदन |

लेटाङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय

नारायण ...
प्रमुख प्रशासकीय अधिकृत

<table>
<tr><td></td><td></td><td>बमोजिम सो विषय अदालती प्रकृयामा समेत रहेको हुदा मिति २०८२ बैसाख महिना सम्म म्याद थप गर्न सहमति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।</td></tr>
<tr><td>८</td><td>सामुदायिक विकास मञ्चसंग भवन निर्माण साझेदारीमा भवन स्तरोन्नती</td><td>नगरसभाको अधिबेशनले तय गरेको सामुदायिक विकास मञ्चसंग भवन निर्माण साझेदारीमा नगरपालिको तर्फवाट ८० प्रतिशत र संस्थाको तर्फवाट २० प्रतिशत साझेदारी रकम ब्यहोर्ने गरी खरिद प्रकृया अगाडी बढाउन सहमति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।</td></tr>
<tr><td>९</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रमसंग योजना साझेदारी गर्ने सम्वन्धमा ।</td><td>लेटाङ नगरपालिका वडा नं ७ को बराह मन्दिर सिडी निर्माण आयोजना प्रधानमन्त्री रोजगार कार्यक्रमसंग साझेदारी गरी सञ्चालन गर्न सहमति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।</td></tr>
<tr><td>१०</td><td>विपदजन्य अवस्थामा भएको खर्च अनुमोदन सम्वन्धमा ।</td><td>लेटाङ नगरपालिका वडा नं ६ को पाटीखेत पहिरो पन्छाउने तथा जाली भर्ने योजनाको कार्य सम्पन्न गर्दा लागेको खर्च रकम रु ९९३९६।- अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।</td></tr>
<tr><td>११</td><td>लेटाङ नगरपालिकाको शिक्षा योजना निर्माणका लागि समिति गठन गर्ने सम्वन्धमा ।</td><td>शिक्षा योजना निर्माणको लागि मस्यौदा निर्माण गर्न तपसिल बमोजिमको समिति गठन गर्ने समर्वसम्मत निर्णय गरियो ।<br>संयोजक - सामाजिक विकास समितिका संयोजक<br>सदस्य - श्री शोभा खड्का कार्यपालिका सदस्य<br>सदस्य- प्रधानाध्यापक श्री शिक्षा बिकास माध्यमिक विद्यालय<br>सदस्य- शिक्षक महासंघको प्रतिनिधि<br>सदस्य सचिव - शिषा तथा खेलकुद विकास शाखा प्रमुख</td></tr>
<tr><td>१२</td><td>वडास्तरिय उपभोक्ता समिति अभिमुखिकरण र सम्झौता सम्वन्धमा ।</td><td>वडास्तरिय योजनाको सम्झौता र अभिमुखिकरण कार्य मंसिर २५ गते भित्र सम्पन्न गर्ने गरी कार्य गर्ने वडाहरुलाई जानकारी गराउने निर्णय सर्वसम्मत गरियो ।</td></tr>
<tr><td>१३</td><td>गुनासो ब्यवस्थापन सम्वन्धमा</td><td>सार्वजनिक महत्वको फोहोरमैला ब्यवस्थापन सम्वन्धमा आएको गुनासो ब्यवस्थापन सम्वन्धमा वन वातावरण तथा विपद ब्यवस्थापन समितिले स्थलगत अनुगमन गरी सुझाव सहित प्रतिवेदन पेश गर्न कार्यादेश दिने निर्णय गरियो ।</td></tr>
<tr><td>१४</td><td>बाराङ्गी प्रहरी चौकीलाई ईन्धन उपलब्धता सम्वन्धमा ।</td><td>लेटाङ नगरपालिका वडा नं ७ मा स्थापित बाराङ्गी प्रहरी चौकीको लागि कार्यबोझ अनुसार सम्वन्धीत प्रहरी चौकीको सिफारिस बमोजिम अधिकतम मासिक ३० लिटर ईन्धन उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।</td></tr>
<tr><td>१५</td><td>पहिलो चौमासिक खर्च अनुमोदन सम्वन्धमा ।</td><td>लेटाङ नगरपालिकाको तर्फवाट आ.व. २०८१/८२ को पहिलो चौमासिकमा भएको तपसिल बमोजिमको आय र ब्ययको समिक्षा गर्दै पेश भएका विवरण अनुमोदन गर्दै पूँजिगत खर्च बृध्दि गर्न सवै शाखाले कार्य गर्न जानकारी गराउने निर्णय गरियो ।
<table>
<tr><th>वजेट</th><th>कुल</th><th>पहिलो चौमासिक कुल आय</th><th>पहिलो चौमासिक खर्च</th><th>प्रतिशत</th></tr>
<tr><td>पूजिंगत</td><td>१७४४९४००</td><td rowspan="3">२०२८४३८८९</td><td>१६४४२६१५</td><td>९.४२</td></tr>
<tr><td>चालु</td><td>४३४०४३००</td><td>९७९३४००९</td><td>२२.५६</td></tr>
<tr><td>कुल</td><td>६०८५३७०००</td><td>११४३७६६२२</td><td>१८.७९</td></tr>
</table></td></tr>
<tr><td>१६</td><td>विपद ब्यवस्थापन कोषको रकमवाट कार्य गर्न सहमति प्रदान गर्ने सम्वन्धमा ।</td><td>लेटाङ नगरपालिका वडा नं १ को च.नं. १९१ मिति २०८१/६/२२ को पत्रमा उल्लेख भए बमोजिम फेदी बगुवा टोलको संरक्षण गर्न चिस्याङ खोलामा डाभर्सन गर्नका लागि लागत अनुमान रकम रु ७५२८३/४२ को विपद ब्यवस्थापन शिर्षकवाट खर्च लेख्ने गरी गरेको कार्यको अनुमोदन गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>१७</td><td>४ नं. वडा कार्यालयको वडास्तरिय रेलिङ निर्माण शिर्षकको रकमको</td><td>लेटाङ नगरपालिका वडा नं ४ को मिति २०८१/५/२५ को वडा समितिवाट सिफारिस भए बमोजिम वडास्तरिय रेलिङ निरम्ण योजनालाई तपसिल बमोजिम गरेको कार्य अनुमोदन गर्ने ।</td></tr>
</table>

लेटाङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय

नारायण न्यौपाने

| | | |
|---|---|---|
| | विविधिकरण सम्वन्धमा । | क. शान्ती भगवती अगाडीको बाटोमा स्टील रेलिङ निर्माण आयोजना रु ३०००००।-<br>ख. नाइलो लाईनमा स्टीलको रेलिङ निर्माण आयोजना रु ५०००००।-<br>गं. तिनकुने पार्क गैगे चवकमा फलामे रेलिङ निर्माण आयोजना रु १०००००।-<br>घ. वडा कार्यालयवाट चिल्ड्रेन पार्क जाने बाटोमा फलामको रेलिङ निरम्ण आयोजना रु १०००००।- |
| १८ | ४ नं वडा कार्यालयवाट स्वास्थ्य उपचार खर्च प्रदान गर्ने सम्वन्धमा । | ४ नं. वडा कार्यालयको मिति २०८१/६/२१ गते बसको वडा समितिको निर्णयानुसार सो निर्णयमा संलग्न १२ जनालाई वडा समितिको निर्णयानुसार तपसिल बमोजिम बमोजिमका नागरिकलाई रु १००००।- का दरले स्वास्थ्य उपचार खर्च उपलब्ध गराउन सहमति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>१. बुध्दिमान बिश्वकर्मा २. बिमल श्रेष्ठ ३. शंकर कुमार गुरुङ<br>४. जुनिला श्रेष्ठ ५. पलम बहादुर प्रधान ६. जय देवी श्रेष्ठ<br>७. रमादेवी मगर ८. हस्तमान लिम्बु ९ सीता श्रेष्ठ<br>१०.लाल बहादुर श्रेष्ठ ११. किसन श्रेष्ठ १२. तारा थापा १३. तेज प्रसाद सुनार |
| १९ | प्रतिनिधि तोक्ने सम्वन्धमा । | मोरङ जिल्ला अदालतवाट मिति २०८१/५/३० को लेटाङ नगरपालिका वडा नं. ९ स्थित स्थानीय पञ्जिकाधिकारीको कार्यालयको नाममा जारी भएको समाहान सम्वन्धमा प्रति उत्तर/लिखित जवाफ सहितका अदालती प्रकृयाका लागि अधिकृतर छैटौ श्री शर्मिला भट्टराई प्रतिनिधि तोकी सो को जानकारी कर्मचारी र सम्मानित अदालतलाई गराउने निर्णय गरियो । |
| २० | परामर्श सेवा खरिदको कार्यसूची संसोधन सम्वन्धमा । | मिति २०८१/७/४ गतेको नगर कार्यपालिकाको निर्णय नं. ९ मा प्रस्ताव माग गर्ने सम्वन्धमा भएको निर्णयमा लेटाङ नगरपालिकामा टोल विकास संस्था परिचालन तथा सवलिकरणका लागि नगरपालिका भित्र सक्रिय रहेका संघसंस्थाहरुलाई विषयहरुलाई समेटी टोल विका सस्था परिचालन तथा सवलिकरणका लागि १५ लाख बराबरको प्रस्ताव माग गर्ने निर्णय भएकोमा नगरपालिका भित्र सक्रिय रहेका भन्ने शब्दले प्रतिस्पर्धात्मक विषयलाई संकुचन गर्ने र प्रचलित कानून सम्मत नदेखिएको हुदा अन्य विषय यथावत राखि नगरपालिका भित्र सक्रिय रहेका भन्ने शब्द हटाउने निर्णय गरियो । |
| २१ | कार्यबिधि स्विकृति सम्वन्धमा । | लेटाङ नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्वन्धी कार्यविधि २०८१ स्विकृत गर्ने । |
| २२ | लेटाङ नगरपालिकाको दिगो विकासको स्थानीयकरणको नीति तथा कार्ययोजना सम्वन्धमा । | लेटाङ नगरपालिकको दिगो बिकासका लक्ष्यहरुको स्थानीयकरण सम्वन्धी निति तथा कार्य योजना,२०८१ स्विकृत गर्ने । |
| २३ | बुध्दमार्ग कालोपत्रे निर्माणका को खरिद प्रकृया सम्वन्धमा । | बुध्दमार्ग कालोपत्रे निर्माणका लागि प्राविधिक शाखावाट पेश भएको लागत अनुमान स्विकृत गर्दै विनियोजित वजेट भन्दा थप अपुग हुने रकम नगरपालिकाको भैपरि आउने पुजिगत शिर्षकवाट ब्यवस्थापन गर्ने गरी खरिद प्रकृया अगाडी बढाउन सहमति प्रदान गर्ने । |

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल